| नेत्रावती डबजोङ गाउँपालिका, सेमजोङ धादिङद्धारा कृषि / पशुपालन तथा व्यवस्थापन कार्यलाई व्यवस्थित गर्न बनेको ऐन २०७७ | | |
|---|---|---|
| | | |
| खण्ड - १ | संख्या - | मिति २०७७/११/१४ |
| नेपालको संविधानको धारा २२२ को उपधारा (१) बमोजिमको गाउँसभामा लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ । | | |

कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन, २०७७

प्रस्तावना :

नेत्रावती डबजोङ गाउँपालिकाको क्षेत्र भित्रको कृषि तथा पशुपालन व्यवसाय आधुनिकिकरण तथा व्यवसायीकरण गर्न, कृषि तथा पशुपालन सम्बन्धी उत्पादनको व्यवस्थापन, संरक्षण, जगेर्ना तथा हुन सक्ने सम्भावित नोक्सानीको कमी गर्दै व्यवसायको प्रवर्द्धन तथा स्वस्थ मुल्य श्रृङ्खला स्थापित गर्न, कृषि प्रसार सम्बन्धी कार्यक्रमको व्यवस्थापन, संचालन तथा नियन्त्रण गर्न, पशु स्वास्थ्य र कृषि तथा पशुका स्थानीय प्रजातिको संरक्षण एवं प्रवर्द्धन गर्न तथा गाउँपालिका क्षेत्रलाई क्रमशः विषादि रहित र आधुनिकीकरण बनाउनका लागि आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेत्रावती डबजोङ गाउँपालिकाको गाउँसभाले नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम यो ऐन बनाएको छ ।

परिच्छेद १

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम “कृषि तथा पशुपालनलाई व्यवस्थित गर्न बनेको ऐन, २०७७” रहेको छ ।

(२) यो ऐन नेत्रावती डबजोङ गाउँपालिकाको गाउँसभाबाट पारित भएपछि यस गाउँपालिकाको क्षेत्रभित्र लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

*(क) “अध्यक्ष” भन्नाले नेत्रावती डबजोङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।*

*(ख) “उत्पादक” भन्नाले कृषि वा पशुपालन सम्बन्धित वस्तु उत्पादन गर्ने कृषक वा कम्पनी वा कृषि फार्म वा सहकारी उत्पादक सम्झनु पर्छ ।*

*(ग) “एजेन्ट” भन्नाले कृषि उद्यमी, व्यवसायी, कृषि बजार वा कृषिजन्य वस्तुहरूको कारोबार गर्ने दर्तावाला व्यक्ति सम्झनुपर्छ र सो शव्दले सँगठित संस्थाको प्रतिनिधिलाई समेत जनाउँछ ।*

*(घ) “कार्यपालिका” भन्नाले नेत्रावती डबजोङ गाउँ कार्यपालिका सम्झनुपर्छ ।*

*(ङ) “कृषक” भन्नाले यस ऐनको प्रयोजनका लागि कसैको जग्गा करारमा लिई वा आफ्नै जग्गामा खेती वा पशु वा पंक्षी पालन गर्ने कृषक, कृषक समुह, कृषि व्यवसायी, कृषि फर्म र कृषि सहकारी समेतलाई सम्झनु पर्छ ।*

*(च) “कृषि” भन्नाले अनुसूची (१) मा उल्लेख भए बमोजिमका बिषयसँग सम्वन्धित कृषिलाई सम्झनु पर्दछ र सो शव्दले व्यावसायिक कृषिलाई समेत जनाउँछ ।*

(छ) “कृषि फार्म” भन्नाले व्यवसायिक प्रयोजनको लागि अनुसूची (१) बमोजिमका बाली उत्पादनका लागि सञ्चालन गरिएको कृषि फार्म सम्झन’ पर्छ ।

(ज) “कृषि बजार” भन्नाले कृषि उपजको ग्रेडिङ, प्याकेजिङ्ग, ढुवानी, भण्डारण, वितरण तथा कृषि उपज तथा पशुपंक्षीजन्य बस्तुको बिक्री वितरण गर्ने कृषि बजार सम्झनु पर्छ ।

(झ) “कृषि वस्तु” भन्नाले कृषकले कुनै बोट विरुवा वा जीवजन्तुवा पशुपंक्षीबाट उत्पादन गरेको उपभोग्य कृषि वस्तु सम्झनु पर्छ ।

(ञ) “कृषि व्यवसाय” भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने कृषि बाली वा पशुपंक्षी जन्य बस्तुको उत्पादन,

(२) कृषिजन्य वस्तुको प्रशोधन,

(३) कृषि उपजको व्यापार,

(४) कृषि उत्पादनका लागि प्रयोग हुने रासायनिक वा प्राङ्गारिक मलको उत्पादन, भण्डारण तथा वितरण,

(५) कृषि उत्पादनको लागि प्रयोग हुने विउ, वेर्ना, नश्ल र भुराको उत्पादन, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) कृषिमा प्रयोग ह’ने औषधि एवम् विषादीको उत्पादन, परामर्श, भण्डारण तथा बिकी व्यवसाय ।

(ट) “कोष” भन्नाले यस ऐनको दफा १० बमोजिम स्थापित कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषलाई सम्झनु पर्छ ।

(ठ) “खुद्रा बजार” भन्नाले कुनै विक्रेताले उपभोक्तालाई बिक्री गर्ने खुद्रा बजारलाई सम्झनु पर्छ ।

(ड) “गाउँपालिका” भन्नाले नेत्रावती डबजोङ गाउँपालिका सम्झनु पर्छ ।

(ढ) “तोकिएको वा तोकिए बमोजिम” भन्नाले यस ऐन बमोजिम बनेको नियमावलीमा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ण) “थोक बजार” भन्नाले कुनै उत्पादक वा विक्रेताले अर्को विक्रेतालाई कृषि वस्तु बिक्री वितरण गर्ने थोक बजारलाई सम्झनु पर्छ ।

(त) “पशुपालन” भन्नाले कृषकले पशु चौपाया वा पंक्षी वा मत्स्यपालन समेतको व्यवस्थित तरिकाले गर्ने उत्पादन तथा व्यवस्थापनको कार्यलाई सम्झनु पर्छ ।

(थ) “स्रोतकेन्द्र” भन्नाले कृषकले पशु चौपाया वा पंक्षी वा मत्स्यपालन समेतको व्यवस्थित तरिकाले गर्ने उत्पादन तथा विक्री वितरणको लागि उत्पादन गर्ने उद्देश्यले संचालन गरेको कार्यलाई सम्झनु पर्छ ।

(थ) “पकेट क्षेत्र” भन्नाले कृषकले पशु चौपाया वा पंक्षी वा मत्स्यपालन समेत वा कृषि जन्य वस्तु वा उपज बस्तुहरुको एकमुष्ट उत्पादन गर्ने उद्देश्य लिई पकेट क्षेत्र घोषणा गरी सुरु गरिएको उत्पादन क्षेत्रलाई सम्झनु पर्छ ।

(द) “पशु व्यवसाय” भन्नाले देहायको व्यवसाय सम्झनु पर्छ :-

(१) व्यावसायिक उद्देश्यले गरिने पशुपंक्षीको पालन पोषण तथा व्यवस्थापन,

(२) पशुपंक्षीजन्य वस्तुको प्रशोधन,

(३) पशुपंक्षी उपजको व्यापार,

(४) पशुपंक्षी व्यवसायका लागि आवश्यक पर्ने दाना तथा खाद्यान्नको उत्पादन, भण्डारण तथा वितरण,

(५) पशुपंक्षी व्यवसायका लागि आवश्यक पर्ने नश्ल र भुराको उत्पादन, संरक्षण, परामर्श सेवा, भण्डारण तथा वितरण,

(६) पशुपंक्षी एवं माछाजन्य पेशाका लागि आवश्यक पर्ने औषधि उत्पादन, परामर्श, भण्डारण तथा बिक्री व्यवसाय ।

(द) "पशु फार्म" भन्नाले व्यवसायिक प्रयोजनको लागि चौपाया, पंक्षी तथा माछापालन फार्म समेतलाई सम्झनु पर्छ ।

(ध) "पशु' बजार" भन्नाले कृषकले पशु चौपाया वा पंक्षी वा माछाको व्यवस्थित तरिकाले गर्ने विक्री वितरणका लागि सञ्चालन गरिने हाट बजार वा गाउँपालिकाले तोकेको क्षेत्रमा सञ्चालित पसललाई सम्झनु पर्छ ।

(न) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले नेत्रावती डबजोङ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्छ

(प) "मन्त्रालय" भन्नाले संघ तथा प्रदेशको कृषि तथा पशुपंक्षी क्षेत्र हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ ।

(फ) "विक्रेता" भन्नाले कृषि वस्तुहरू बिक्री गर्ने व्यापारी, कृषक, कृषक समुह, कृषि फार्म, सहकारी संस्था, कम्पनी वा एजेन्ट बिक्रेता समेतलाई सम्झनु पर्छ ।

(ब) "वडा" भन्नाले नेत्रावती डबजोङ गाउँपालिकाको वडा सम्झनुपर्छ ।

(भ) "सभा" भन्नाले नेत्रावती डबजोङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्छ ।

(म) "समिति" भन्नाले यस ऐनको दफा (८) बमोजिम गठन भएको गाउँ कृषि तथा पशुपालन समितिलाई सम्झनु पर्छ ।

(य) "संकलन केन्द्र" भन्नाले कृषकहरुले दोस्रो बजारमा विक्री गर्ने उद्देश्यले कृषि उपज संकलन गरेर विक्रेतालाई विक्री गर्ने संकलन केन्द्रलाई सम्झनु पर्छ ।

(र) "हाट-बजार" भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्देश्यले स्थानीय तहबाट स्वीकृत लिई संचालन भएको हाट बजारलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## कृषि बजार सम्वन्धी व्यवस्था

३. कृषि बजारको स्थापनाः (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र कृषि बजारको स्थापना गर्न सक्नेछ ।

(२) कृषि सम्वन्धी सहकारी वा व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई कृषि बजारको स्थापना गर्न सक्नेछ ।

४. कृषि बजारको वर्गीकरण : (१) यस ऐनको दफा ३ बमोजिम स्थापना हुने कृषि बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछ :-

(क) थोक बजार

(ख) खुद्रा बजार

(ग) हाट-बजार

(घ) संकलन केन्द्र

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क सभाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति : (१) यस ऐनको दफा (३) बमोजिम स्थापना भएको कृषि बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि एक कृषि बजार तथा व्यवस्थापन समिति रहनेछ ।

(२) कृषि बजार सञ्चालन तथा व्यवस्थापन समिति सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

६. पशु बधशालाको स्थापनाः (१) गाउँपालिकाले आफ्नो क्षेत्रभित्र पशुबधशाला स्थापना गर्न सक्नेछ ।

(२) पशुपंक्षी सम्बन्धी सहकारी वा व्यवसायिक संस्थाले गाउँपालिकाको अनुमति लिई पशु बधशालाको स्थापना गर्न सक्नेछ ।

(३) पशु बधशालाको मापदण्ड तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ३

## कृषि व्यवसाय प्रवर्द्धन सम्बन्धी व्यवस्था

८. गाउँ कृषि तथा पशुपालन समितिः (१) कृषि एवं पशुपालन क्षेत्रको समग्र विकास तथा कृषि व्यवसाय समेतको प्रवर्द्धन लगायतका कार्य गर्न कार्यपालिकालाई नीतिगत सुझाव दिन तथा स्वीकृत नीति कार्यान्वयन गर्न एक गाउँ कृषि तथा पशुपालन समिति रहनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोमिजका सदस्यहरु रहने छन् :-

(क) सम्बन्धित विषयगत समितिको संयोजक – अध्यक्ष

(ख) प्रमुखले तोकेका एक दलित तथा एक महिला सहित

कार्यपालिकाका दुई सदस्य - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) कृषि तथा पशुपालन सम्बन्धी गाउँपालिकास्तरीय सहकारीका

सञ्चालक मध्ये अध्यक्षले तोकेका एक जना सदस्य - सदस्य

(ङ) गाउँपालिका स्तरीय खाद्य सुरक्षा समितिको संयोजक वा प्रमुख – सदस्य

(च) समितिले मनोनयन गरेको विज्ञ सदस्य एक जना – सदस्य

(छ) समितिले मनोनयन गरेको व्यवसायिक किसानमध्ये एक जना – सदस्य

(छ) गाउँपालिकाको पशु चिकित्सक वा कृषि अधिकृत – सदस्य

(ज) गाउँपालिकाको कृषि शाखा प्रमुख – सदस्य सचिव

(३) समितिले सम्बन्धित क्षेत्रको विशेषज्ञ तथा अन्य व्यक्तिलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आंफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) समितिले यस ऐनको उद्देश्य कार्यान्वयन गर्न आवश्यकतानुसार विभिन्न उप–समितिहरु गठन गर्न सक्नेछ ।

(६) समितिको सचिवालय गाउँ कार्यपालिकाको कार्यालयमा रहनेछ ।

(समितिको काम, कर्तव्य र अधिकार : यस ऐनमा अन्यत्र व्यवस्था भएदेखि बाहेक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) गाउँपालिका क्षेत्रमा कृषि एवं पशुपालन व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) कृषि तथा पशुपालनलाई मानव स्वास्थ्य अनुकुल व्यवसायिक रुपमा प्रवर्द्धन गर्न आवश्यक योजना तथा सांगठनिक संरचनाको प्रस्ताव तयार गर्ने,

(ग) कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा आवश्यक कार्यकम, बजेट तथा संरचनाको खाका प्रस्ताव गर्ने,

(घ) कृषि तथा पशूपालन व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप, प्रविधि तथा अन्य आवश्यक प्रवर्द्धनात्मक कार्यहरु पहिचान गरी प्रस्ताव गर्ने,

(ङ) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको सञ्चालन गर्ने,

(च) समितिले तयार गर्ने प्रस्ताव गाउँ कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(छ) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

(ज) गाउँपालिकाले निर्णय गरि तोकिएका स्थानहरुमा कृषि तथा पशुपालन व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पकेट क्षेत्रहरु बाख्रा पालन पकेट क्षेत्र, कुखुरा/पंक्षी पालन, संगुर वंगुर, माछा, भैंसी /पाडा तथा अन्य प्रजातीका पशुपंक्षीहरु पालन गर्ने पकेट क्षेत्र स्थापना, प्रविधि तथा अन्य आवश्यक प्रवर्द्धनात्मक कार्यहरु पहिचान गर्न प्रस्ताव गर्ने पेश गर्ने र गएिको निर्णहरुको कार्यान्वयन प्रक्रियामा लैजान आवश्यक कार्य गर्ने ।

१). कृषि तथा पशुपालन व्यवसायलाई सुविधा दिइने :- (१) गाउँ कृषि तथा पशुपालन समितिको सिफारिसमा सभाले कृषि तथा पशु व्यवसायका लागि देहाय बमोजिम छुट तथा अनुदानका सुविधा दिन सक्नेछ :-

(क) स्थानीय कर एवं निकासी शुल्क,

(ख) कृषि तथा पशु व्यवसाय प्रवर्द्धन गर्न आवश्यक अनुदान ।

(२) उपदफा (१) बमोजिम दिइने छुट तथा अनुदानका सुविधाहरु तोकिए बमोजिम हुनेछ ।

(क) कृषक समुह, फर्म, कृषि उद्यमी, बाख्रा पालक कृषकहरुका लागि बोयर जातको व्याडे बोका वितरणका लागि अधिकतम रु ४०,०००।- सम्म अनुदान दिन सक्नेछ

(ख) पशु आहारा सुत्केरी भत्ताको लागि अधिकतम प्रति सुत्केरी पशु स्याहार खर्च रु २५००।- अनुदान सहयोग दिन सक्नेछ ।

(ग) गोठ खोर सुधार कार्यक्रमका लागि प्रति कृषक रु १०,०००।- सम्म अनुदान सहयोग दिन सक्नेछ ।

(घ) बाख्राको पकेट क्षेत्र स्थापनार्थ प्रति कार्यक्रममा अधिकतम रु १५,००,०००।- सम्म अनुदान सहयोग गर्न सक्नेछ

(ङ) माछा पालन कार्यक्रम संचालन गरी प्रति कार्यक्रम अधिकतम २,००,०००।- सम्म अनुदान रकम सहयोग गर्न सक्नेछ ।

(च) बंगुर पालन तथा प्रवर्द्धन कार्यक्रम संचालन गरी प्रति कार्यक्रम अधिकतम ६,००,०००।- सम्म अनुदान रकम सहयोग गर्न सक्नेछ ।

(छ) स्थानीय प्रजातिका कुखुरा पंक्षी वा चराचुरुंगी तथा नमुना पशुपंक्षी पालन कार्यक्रम संचालन गरी प्रति कार्यक्रम अधिकतम २,००,०००।- सम्म अनुदान रकम सहयोग गर्न सक्नेछ ।

(ज) बोयर जातको व्याड बोका पालनको लागि स्रोतकेन्द्र स्थापना कार्यक्रममा प्रति कार्यक्रम अधिकतम ५,००,०००।- सम्म अनुदान रकम सहयोग गर्न सक्नेछ ।

(झ) गाउँपालिका तथा पशु सेवा केन्द्रबाट आवश्यक पर्ने पशुपंक्षी औषधीहरु निःशुल्क वितरण गर्न सक्नेछ ।

(ञ) पशुपंक्षीको लागि सन्तुलित दाना उत्पादन गर्ने कार्यक्रमका लागि प्रति कार्यक्रम रु ४,००,००० सम्म अनुदान सहयोग गर्न सक्नेछ ।

(ट) घाँसको स्रोाकेन्द्र स्थापनाका लागि अधितम प्रति कार्यक्रम ३,००,०००।- सम्म अनुदान सहायता दिन सक्नेछ ।

(ठ) पशु पालन गाई भैंसी पालनका लागि अधिकतम ५,००,०००।- सम्म प्रति कार्यक्रम अनुदान दिन सक्नेछ ।

(ड) अन्य अनुदानको हकमा पनि गाउँ कार्यपालिकाले निर्णय गरी अनुदान सहयोग प्रदान गर्न सक्नेछ ।

(ढ) पशु सेवा विकासमा घाँसखेतीको लागि डालेघाँस/ भूईघाँस / एक वर्षे / बहुवर्षे घाँसका प्रजातिहरु निशुल्क वितरण गर्नको लागि रु ५,००,०००।- सम्म अनुदानमा घासको वीउ /विरुवाहरु निःशुल्क वितरण गर्न सक्नेछ ।

(ण) गाउँपालिकाभित्र रहेका कुनैपनि पकेट क्षेत्र निर्माण तथा प्रवर्दन गर्ने गरी कार्यक्रम संचालन गर्नको लागि अधिकतम २०,००,०००।- सम्म पकेट क्षेत्र स्थापनार्थ अनुदान सहयोग गर्न सक्नेछ ।

(त) गाउँपालिकाभित्र संचालन गर्नुपर्ने विषयगत तालिम, अभिमूखीकण तथा क्षमता विकासका कार्यक्रमहरुमा गाउँपालिकाले तोकि / निर्णय गरि कार्यक्रमहरु संचालन गर्न सक्नेछ ।

(थ) खोप कार्यक्रमहरु, नष्ल सुधारका कार्यक्रमहरु तथा उन्नत बाली बस्तुहरुको उत्पादनको लागि गाउँपालिकाले गरेको निर्णय अनुसार साझेदारी तथा उत्पादनका कार्यमा अनुदान उपलब्ध गराउन सक्नेछ ।

(द) प्रविधिमा आधारित कार्यक्रमहरुका लागि च्यापकटर लगायतका कृषि आधुनिकीकरण सामग्रीहरु वितरणको लागि गाउँपालिकाले निर्णग गरी सहयोग उपलब्ध गराउन सक्नेछ ।

(ध) चिस्यानकेन्द्र स्थापनाको लागि गाउँपालकाले अनुदान दिन निर्णय गर्न सक्नेछ ।

(न) दुग्ध तथा दुग्धजन्य पदार्थहरुको उत्पादन वृद्धि गर्न गाउँपालिकाले अनुदान वा साझेदारी गर्ने निर्णय गरी सहायता उपलब्ध गराउन सक्नेछ ।

(३) उपदफा (१) बमोजिम दिइने सुविधाको अतिरिक्त अन्य सुविधा कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

## परिच्छेद ४

## कृषि तथा पशुपालन व्यवसाय कोषको स्थापना तथा सञ्चालन

११. कृषि तथा पश'पालन व्यवसाय प्रवर्द्धन कोषको स्थापना : (१) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धनको लागि एक छुट्टै कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको स्थापना गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहू रहने छन् :-

(क) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त रकम,

(ख) गाउँपालिकाबाट प्राप्त रकम,

(ग) नेपाल सरकार मार्फत विदेशी सरकार तथा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम,

(घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

१२. कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन कोषको सञ्चालनः (१) दफा (११) बमोजिम स्थापना भएको कोषको सञ्चालन देहायका कार्यका लागि गरिनेछ ।

(क) कृषि तथा पशुपालन व्यवसाय प्रवर्द्धन गर्न,

(ख) कृषि तथा पशु उत्पादनको बजार प्रवर्द्धन गर्न,

(ग) कृषि तथा पशुसेवा सम्बन्धी प्राविधिक उत्पादन गर्न,

(घ) जैविक खेतीको विस्तार तथा प्रवर्द्धन गर्न,

(ङ) स्थानीय नश्लका पशुपंक्षीको संरक्षण र विस्तार गर्न,

(च) कृत्रिम गर्भाधानद्वारा उन्नत नश्लको विकास र विस्तार गर्न,

(छ) माटो परीक्षण तथा उत्पादकत्व संरक्षण गर्न,

(ज) कृषि तथा पशुपंक्षी क्वारेण्टाईनको सञ्चालन गर्न,

(झ) कृषि तथा पशुपालन क्षेत्रमा अध्ययन, अनुसन्धान गर्न,

(ञ) बाली तथा पशुपंक्षी वीमा प्रवर्द्धन तथा विस्तार गर्न,

(ट) कृषि तथा पशुपालन क्षेत्रमा आवश्यक अनुदान उपलब्ध गराउन,

(ठ) कृषि तथा पशुपालन सम्बन्धी तालिम तथा शिक्षा विस्तार गर्न,

(ड) अनुगमन तथा मुल्यांकन सम्बन्धी कृयाकलाप सञ्चालन गर्न,

(ढ) पशुपंक्षी तथा कृषि वालीहरुको वीमा कार्यक्रम संचालन गर्न वीमा कार्यक्रममा सहायता उपलब्ध गराउन ।

(ण) समयानुकुल उन्नत जातका पशु पालन तथा प्रवर्द्धनका क्रियाकलापहरु संचालन गर्न

(त) चिस्यान केन्द्र स्थापना तथा त्यसको व्यवस्थापनको विस्तार तथा शिक्षाा प्रदान गर्न ।

(त) तोकिएका अन्य कार्य गर्न ।

(२) गाउँपालिकाको कृषि तथा पशुपालन सम्बन्धी वार्षिक कार्यक्रम कोष मार्फत सञ्चालन हुनेछ ।

(३) कोषमा रहेको रकम तोकिएको बैकमा खाता खोली जम्मा गर्नु पर्नेछ ।

(४) कोषको सञ्चालन गाउँ कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी र गाउँपालिकाको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

(५) कोषको सञ्चालन सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ .

१३. लेखा र लेखापरीक्षण (१) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राख्नु पर्नेछ ।

(२) कोषको आन्तरिक लेखापरीक्षण गाउँपालिकाको आन्तरिक लेखा परीक्षण प्रणालीबाट र अन्तिम लेखापरीक्षण संघीय कानुन बमोजिम हुनेछ ।

## परिच्छेद ७

## विविध

१४. व्यवसाय दर्ता गर्नु पर्ने :

(१) व्यवसायिक रुपमा कृषि वा पशुपालन व्यवसाय सञ्चालन गर्न चाहने कृषक, कृषि फार्म वा एजेण्ट लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुँदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ । आवश्यकतानुसार निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई यस्तो अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था गाउँपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

(४) व्यवसायिक कृषि तथा पशुपालन सम्बन्धी मापदण्ड अनुसूची- २ मा उल्लेख भए बमोजिम हुनेछ ।

१५. पेशा दर्ता गराउनु पर्ने :

(१) गाउँपालिका क्षेत्रभित्र कृषि प्राविधिक वा पशु चिकित्सक वा पशुसेवा प्रदान गर्ने प्राविधिक भई कार्य गर्नेले गाउँ कार्यपालिकाको कार्यालयमा दर्ता गराउनु पर्नेछ ।

(२) गाउँपालिकाले आवश्यकताको आधारमा दर्ता भएका कृषि तथा पशुसेवा प्राविधिकको सेवा लिन सक्नेछ ।

तर यस्तो सेवा स्थायी प्रकृतिको कार्यका लागि नभई पटके कार्यका लागि मात्र लिनु पर्नेछ ।

१६. कसुर तथा दण्ड सजाय :

(१) कसैले यस ऐनको देहाय बमोजिम कसुर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :

(क) क्वारेण्टाईन जाँचबाट कुनै कृषि उपज वा पशुपंक्षी वा पशुपंक्षी उत्पादन मानव स्वास्थ्य प्रतिकुल देखिएमा जफत गरी नष्ट गरिनेछ र कसुरको मात्रा बमोजिम रु पच्चीस हजार देखि रु एक लाख सम्म जरिवाना तथा प्रचलित कानुन बमोजिम सजाय हुनेछ ।

(ख) कृषि तथा पशुसेवा प्राविधिकले गाउँपालिकामा दर्ता नगरी सेवा सञ्चालन गरेमा रु एक हजार देखि रु दश हजार सम्म जरिवाना हुनेछ ।

(ग) गाउँपालिकाको अनुमति बिना र गाउँपालिकाले तोकेको क्षेत्र बाहिर कृषि बजार स्थापना र सञ्चालन गरेमा दश हजारसम्म जरिवाना हुनेछ ।

(घ) गाउँपालिकामा व्यवसाय दर्ता नगरी कृषि तथा पशुजन्य सामग्रीको व्यवसाय सञ्चालन गरेमा दश हजारसम्म जरिवाना हुनेछ ।

(घ) यस ऐन वा यस ऐन अन्तरगत बनेको नियमावली विपरित कुनै कार्य गरी त्यसबाट कसैको हानी नोक्सानी भएको रहेछ भने त्यस्तो हानी नोक्सानी निजबाट नै भराईनेछ ।

१७. नियम वनाउन सक्ने : यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक नियम, निर्देशिका वा कार्यविधि बनाउन सक्नेछ ।

१८. खारेजी र बचाऊ : यस ऐनको उद्देश्य तथा बिषयक्षेत्रमा प्रचलित नेपाल कानुन बमोजिम यस अघि भएका कार्यहरु यसै ऐन वमोजिम भएको मानिनेछ ।

अनुसूची- १

दफा २ को खण्ड (च) सँग सम्बन्धित

(१) खाद्यान्न बाली,

(२) वागवानी जन्यः फलफूल, तरकारी, मसलाबाली, पुष्प

(३) पशु, पन्छी

(४) माछा, मासु, दुग्ध, फुल, हाड, छाला, ऊन

(५) च्याउ,

(६) मौरी, रेशम

(७) चिया, कफी, अलैंची, सुपारी, ओखर,  घाँसेवाली

(८) तेलहन, दलहन

९) कपास, जुट, उखु, रबर खेती, टिमुर

(१०) कृषि पर्यटन

(११) कृषिका सबै उपक्षेत्रसँग सम्बद्ध उत्पादन र सो शब्दले औधोगिक प्रयोजनमा हुने कृषिवस्तुहरु

(१२) कृषि तथा पशुजन्य उत्पादनको प्रशोधन उद्योग

(१३) कृषि तथा पशुजन्य उत्पादन सामग्री (दाना, मलखाद्य, विषादी, औषधी) आदिको प्रशोधन उद्योग

(१४) कृषि प्रणालीमा समाविष्ट कृषि तथा पशुजन्य वस्तुहरु तथा नश्ल सुधार,

(१५) पशुस्वास्थ्य,

(१६) कृषि तथा पशु वीमा ।

अनुसूची- २

व्यवसायिक कृषि तथा पशुपालन मापदण्ड

दफा १४ को उपदफा (२) सँग सम्बन्धित

(१) व्यवसायिक पशुपालन गर्नका लागि व्यवसायिक पशुपालकका रुपमा सूचिकृत हुनका लागि उन्नत गोठ वा खोर सहित न्यूनतम देहाय मध्ये कुनै एक वा एक भन्दा बढी मापदण्ड पुरा गर्नु पर्नेछ :

(क) उन्नत गाई पालन ३ देखि ५ संख्या, स्थानीय गाई पालन ५ देखि १० संख्या

(ख) उन्न्त भैसी पालन २ देखि ४ संख्या, स्थानीय भैसी पालन ५ देखि १० संख्या

(ग) बाखा माउ बाखा पालन १० देखि ५० संख्या

(घ) भेडा पालन १० देखि ५० संख्या

(ङ) बंगुर पालन २ माउ देखि ५ माउ संख्या साना व्यवसायी र २० देखी १०० माउ संख्या ठूला व्यवसायी

(च) कुखुरा पालन २०० देखि ३००० संख्यामा लेर्यस, ब्रोइलर, गिरिराज कुखुरा

(छ) स्थानीय जातका कखुरा ३० माउ पोथी १० भाले कुखुरा

(ज) माछा पालन ५ रोपनी देखी ५० रोपनी

(झ) अन्य पंक्षी जन्य उत्पादन टर्की, अस्ट्रिज, बट्टाई, कालीज, लुईचे लगायत १०० देखी ५०० पंक्षी ।

(ञ) खरायो जाती १०-२० माउ संख्या

(ञ) कुकुर प्रजाति १०-२० माउ संख्या

(२) व्यवसायिक कृषकका रुपमा सुचिकृत हुनका लागि देहाय मध्ये कुनै एक वा एक भन्दा बढी न्यूनतम मापदण्ड पुरा गर्नु पर्नेछ :

(क) आलु खेतीको लागि ३० रोपनी देखी ५० रोपनीसम्म ।

(ख) चिया / कफी खेतीको लागि ५ रोपनी देखी १५ रोपनीसम्म ।

(ग) स्याउ/सुन्तला/कागती खेतीको लागि १० रोपनी देखी २५ रोपनीसम्म ।

(घ) च्याउ खेतीको लागि २ रोपनी देखी १० रोपनीसम्म ।

(ङ) ओखर /टिमुर /आरुवखडा खेतीको लागि १० रोपनी देखी ५० रोपनीसम्म ।

(च) केरा, सुन्तला, कागती खेतीको लागि ५ रोपनी देखी २५ रोपनीसम्म ।

(छ) आलु तेलहन /दलहन खेतीको लागि ५ रोपनी देखी १० रोपनीसम्म ।

(ज) तरकारी खेतीको लागि ५ रोपनी देखी १५ रोपनीसम्म ।

(झ) खाद्यान्न वालीका लागि २० रोपनी देखी ५० रोपनीसम्म ।

(ञ) अन्य फलफुल खेतीको लागि १० रोपनी देखी ३० रोपनीसम्म ।

(ट) मौरी पालन ५ घारदेखी ५० घारसम्म ।

| | |
|---|---|
| प्रमाणीकरण मिति | आज्ञाले<br>श्याम कृष्ण पौडेल<br>प्रमुख प्रशासकीय अधिकृत |